प.सः २०७९/०८०                                                                                    मितिः २०७९/०८/०८

च.नः

**बिषयः उद्यमशीलता तथा नवप्रवर्तन कोषको स्टाटअफ अनुदानका लागि प्रस्तावना आव्हान ।**

प्रस्तुत सन्दर्भमा भीरकोट नगरपालिका र युएनडिपी नेपालको संयुक्त आर्थिक तथा प्राविधिक सहयोग र अन्धा अन्धी सामुदायीक विकास केन्द्र स्याङ्जाको सहजिकरण तथा व्यवस्थापनमा भीरकोट नगरपालिकामा संचालित "हरित पुनर्उत्थान तथा कोभिड-१९ प्रतिकार्य परियोजना" कार्यान्वनमा रहेको छ।

परियोजनाको कार्यक्रम अनुसार उद्यमशिलता व्यवसाय प्रवद्यन तथा नवप्रवर्तन केन्द्र ईबिकको सहजिकरणमा उद्यमशिलता तथा नवप्रवर्तन कोष मार्फत स्टाटअपका रुपमा रहेको नविनतम सोचलाई कार्यान्वयन गर्न र गराउन सहयोग पुऱ्याउने हेतुले अनुदान तथा नविनतम सोच पुरस्कार प्रदान गरिदै छ।

आफ्नै गाँउठाँउमा काम गरि उद्यमि बन्न इछुक, बैदेशिक रोजगारबाट फर्किएका युवा, कोभिड-१९ बाट प्रभावित बर्ग, समुदाय तथा व्याक्ति,समूह जसले नयाँ सोचका साथ नविनतम काम गर्न खोजिरहेका वा गरिरहरेको कामलाई प्रवर्द्धन गर्ने योजना बनाइरहेका तथा स्वरोजगार बन्न इच्छुक ब्यक्ति/संस्थाले सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आफ्नो नविन सोच तथा व्यवसायको संक्षिप्त प्रस्तावना सहित आवेदन दिन यसै सूचना मार्फत जानकारी गराईन्छ।

तोकिएको समयावद्यी भन्दा पछाडी प्राप्त भएका तथा रित नपुगेका आवेदनलाई यस कार्यक्रममा संलग्न गराउन नसकिने ब्यहोरा समेत जानकारी गराईन्छ। रित पुगी छनोट भएका २० जना व्यक्ति तथा संस्थाले नगद रु २५ हजार स्टाटअफका रुपमा र अन्य प्राविधिक सहयोग पाउनेछन।

आवेदन आईपुग्नु पर्ने अन्तिम मितिः २०७९।०८।१५

आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः व्याक्तिगत तथा संस्थागत विवरण सहित दिइएको ढाँचामा फारम भरेको हुनुपर्ने, आफूले गर्न चाहेको नविन सोचको योजना वा प्रस्तावना, नागरिताको प्रमाणपत्रको प्रतिलिपी

आवेदकको क्षेत्राधिकारः भीरकोट नगरपालिका भित्र स्थायी बसोबास गरेका व्याक्ति वा सञ्चालनमा रहेका फार्म वा संस्थाले मात्र आवेदन दिन सक्नेछन् । आवेदन फारम भीरकोट नगरपालिकाको वेवसाइट वा भीरकोट नगरकार्यपालिकाको कार्यालयमा रहेको ईविक कक्षमा उपलब्ध हुनेछ।

छनोटः २०७९।०८।१५ र १६ गते गरिने छ।

एकनारायण सापकोटा
कार्यक्रम प्रमुख